# नेपाल सरकार
# संचार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
## गोश्वारा हुलाक कार्यालय अन्तर्गत आ.व. २०७५/७६ को श्रावण महिना देखि चैत्र महिनासम्म (दैनिक प्रशासनिक कार्यहरू बाहेक) सम्पन्न भएका मुख्य-मुख्य कार्यहरू
## सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण

- श्रावण २८ गते देखि साविकको मध्यमाञ्चल हुलाक निर्देशनालयलाई खारेज गरी गोश्वारा हुलाक कार्यालयमा गाभिएको छ ।
- मिति २०७५ भाद्र १७ देखि २४ सम्म ईथियोपियाको आदिस-अवावामा सम्पन्न विश्व हुलाक संघको असाधारण महासभामा समेत गोश्वारा हुलाक कार्यालयको सहभागिता ।
- मिति २०७५, आश्विन २ देखि विभिन्न जिल्लाहरूमा PITS तालीम सञ्चालनः

- ६/१० गते धनकुटामा
- ६/१४ गते गुल्मीमा
- ६/१७ गते दाङमा
- ६/२१ गते ओखलढुंगामा तथा
- ६/२४ गते काठ्माण्डौमा PITS तालीम सञ्चालन गरिएको छ ।

- मंसिर महिनामा विभिन्न चार ईलाका हुलाक कार्यालयहरू (पशुपति, बाँसबारी, बालाजु तथा बबरमहल) मा टेलिफोन जडान गरी सञ्चालनमा ल्याईएको छ ।
- पुस महिनामा एयरपोर्ट काउण्टरमा स्वचालित हाजिरी मेसिन जडान गरी माघ महिना देखि सञ्चालन गरिएको छ ।
- काठ्माण्डौं लगायत गोश्वारा हुलाक कार्यालय मातहतका १९ जिल्लाहरू सबैको डाँक रेखा पुनरावलोकनको कार्य सम्पन्न भईसकेको ।
- बिभिन्न मितिमा धरहरा पुनर्निर्माण तथा गोश्वारा हुलाक कार्यालय स्थानान्तरणको लागि हुलाक सेवा विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा तालुक अन्य निकायसँग राय, परामर्श, छलफल तथा समन्वय गरिएको ।
- पुस महिनाको अन्त्य देखि माघ महिनामा सम्पन्न हुने गरी रेडियो विज्ञापन अन्तर्गत मिरमिरे एफ.एम. र क्यापिटल एफ.एम. वाट दिनमा न्यूनतम् पाँचपटक बज्ने गरी १५ दिनसम्म गोश्वारा हुलाक कार्यालयको प्रचार सामाग्री प्रशारण गरिएको छ ।
- २०७५/९/१८ गते देखि पाँचथर र ताप्लेजुङमा PITS तालीम सञ्चालन गरी प्रथम चौमासिकमा कायम ६५ जिल्लालाई ६७ जिल्लामा PITS बिस्तार गरिएको छ ।

- .Post Installation गरी EMS, Parcel र Mail Centre मा IPS.Post.Net को प्ररिक्षण गरी स्तरोन्नतिको काम अगाडी बढाईएको छ ।

- .Post Installation गरी EMS, Parcel र Mail Centre मा IPS.Post.Net को प्ररिक्षण गरी स्तरोन्नतिको काम अगाडी बढाईएको छ भने IPS.Post को Inbound तर्फको सेवा EMS शाखामार्फत शुरू गरिएको छ ।
- सिराहा लगायतका जिल्लाहरूमा Postal Internal Tracking System को तालीम सम्पन्न गरी आन्तरिक ट्र्याकिङ् प्रणाली सञ्चालनमा आएको जिल्लाको संख्या ७० पुगेको छ ।

  सिराहामा मितिः२०७५/१०/७ गते
  बर्दियामा मितिः२०७५/१०/९ गते
  प्यूठानमा मितिः २०७५/१०/१० गते
- मिति २०७५/१०/९ गते राष्ट्रिय योजना आयोगको सभाहलमा हुलाक सेवा प्राधिकरण ऐनको मस्यौदा तथा हुलाक सेवा सुधार कार्यदलको प्रतिवेदन सम्वन्धी छलफल कार्यक्रममा गोश्वारा हुलाक कार्यालयको पनि सक्रिय सहभागिता रह्यो ।
- अनुसन्धान शाखावाट Returned Letter Office (RLO) सम्वन्धमा कागजात धुल्याउने नियमहरू, २०२७ बमोजिम अनावश्यक कागजातहरू धुल्याईएको छ ।
- कार्यालय सामान खरिदसम्वन्धमा पुस महिनामा प्रकाशित सीलबन्दी बोलपत्रको मूल्यांकन गरी सबैभन्दा कम अंक कवोल गर्ने श्री लक्ष्मी ईन्टरप्राईजसँग संझौता गरी काम अगाडी बढाइएको छ ।
- १०/१० गते यस कार्यालयका सबै शाखाका शाखा प्रमुख तथा ईन्चार्जहरूको सहभागितामा लागू-पदार्थ, तनाव व्यवस्थापन तथा भवनको स्थानान्तरण सम्वन्धमा बैठक बसी छलफल गरिएको छ ।
- १०/११ गते गोश्वारा हुलाक कार्यालयको सभाहलमा यस कार्यालयका कर्मचारीहरूलाई योग गुरू डा. वालकृष्ण खनालमार्फत तनाव व्यवस्थापनको सेमिनार सञ्चालन गराईएको छ ।
- आ.व. २०७४/७५ को मिति २०७५/१०/९ गते देखि २०७५/१०/१३ गते सम्म अन्तिम लेखापरीक्षण सम्पन्न गरिएको छ ।
- लागू औषध नियन्त्रणमा सहयोग पुर्याउन तथा सुरक्षाका दृष्टिले संवेदनशील हुलाकबस्तुहरूको पैठारी व्यबस्थित बनाउन लागू औषध नियन्त्रण व्यूरोमा मिति २०७५/१०/२३ गते पत्र अनुरोध गरिएको छ ।
- पार्सल शाखा तथा EMS शाखावाट सन् २०१७ मा वितरण हुन नसकेका हुलाक बस्तुहरूको लिलामीका लागि ब्याग बाँधी शील गरी सुरक्षित गर्ने काम सम्पन्न भएको छ भने कार्यालयमा

प्रयोग विहीन सामाग्रीहरूको लिलामीका लागि सूचि तयार पारी आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।

- यस कार्यालयमा प्रयोग भएको सर्भर तथा वेभसाईटमा प्राविधिक समस्या आएकोमा प्राविधिक खटाई अनलाईन पोष्टबक्सको सेवालाई नियमित गर्ने काम भएको छ ।
- आ.व. २०७२/७३ को कार्यालय सामान खरिदसम्वन्धी ३५ लाख बराबरको बेरूजु श्रीमान सचिवज्यूवाट नियमित भै महालेखापरीक्षकको कार्यालयमा सिफारिस भएको छ ।
- मिति २०७५/१०/२९ गते यस कार्यालयमातहतका सबै काउण्टर तथा ईलाका हुलाकसम्मिलित बैठक बसी ईलाका, काउण्टर तथा अतिरिक्त हुलाक व्यबस्थापन तथा आन्तरिक ट्र्याकिङ् प्रणाली सुरू नभएका ईलाकामा टेलिफोन, ईन्टरनेट तथा पूर्वाधार व्यबस्थापन गर्ने विषयमा छलफल भएको छ ।

- फाल्गुण महिनाको पहिलो साता यस कार्यालय अन्तर्गत जिल्ला हुलाक कार्यालयहरू, धनुषा, महोत्तरी तथा मकवानपुरमा आन्तरिक ट्र्याकिङ प्रणालीको उपयोग, डाँक ढुवानी लगायत अन्य व्यबस्थापनको निरीक्षण गरिएको छ ।
- मेल सेन्टर शाखा, झ्याल नं. २ (साना प्याकेट वितरण शाखा), प्रशासन शाखा तथा पोष्टबक्स शाखा वीच समन्वय गरी साधारण साना प्याकेटहरू आकार अनुरूप डेलिभरीको लागि पोष्टबक्समा खसाल्ने, हल्काराहरूद्धारा विरतणको लागि पठाउने वा आकारमा पोष्टबक्समा नअटाउने तथा बहुमूल्य भए भन्सार जाँचपासको लागि पूलिन्दा शाखामा पठाउने व्यबस्था गरिएको छ । साथै डेलिभरी हुन नसकेका यस्ता साधारण प्याकेटलाई सम्वन्धित देशमा फिर्ता पठाउने समेत व्यबस्थाको लागि निर्णय गरिएको छ ।
- चैत्र महिनामा पार्सल शाखा तथा EMS शाखावाट सन् २०१७ मा वितरण हुन नसकेका हुलाक बस्तुहरूको लिलामीका लागि मिति २०७५/१२/८ र ९ गते मूल्य निर्धारण गर्ने काम सम्पन्न भएको छ भने कार्यालयमा प्रयोग विहीन सामाग्रीहरूको लिलामीका लागि सूचि तयार पारी आवश्यक प्रक्रिया अगाडि बढाईएको छ ।
- अगामी आ.व. २०७६/७७ को बजेट प्रस्ताव सम्बन्धी छलफल गरिएको ।
- चालु आ.व.को बार्षिक कार्यक्रम अनुसार हुलाक संग्रहालय निर्माण गर्नका लागि प्राविधिक सहयोगार्थ पुरातत्व विभाग र राष्ट्रिय संग्रहालय छाउनी काठमाण्डौलाई मिति २०७५/११/२१ र मिति २०७५/१२/२० मा आवश्यक प्रक्रियाको लागि पत्राचार गरिएको छ ।